雲南日報
YUNNAN DAILY PRESS GROUP
报业集团

CHINA · YUNNAN

瀾湄传媒 Mekong News Network

Issue No. 2 | JANA AASTHA NATIONAL WEEKLY | वर्ष ३१, अंक ३६, २०८२ साल मंसिर १७ गते बुधवार
YEAR 31, ISSUE 36, DECEMBER 3, 2025

सिआइआइईले फैलाइरहेको सुनौलो अवसर

२०२५ को नोभेम्बर ५ देखि १० तारिखसम्म, सांघाईमा आठौँ चीन अन्तर्राष्ट्रिय आयात प्रदर्शनी (संक्षेपमा 'सिआइआइई') आयोजना गरियो । ८ वर्षमा सिआइआइईले प्रदान गर्ने अवसरहरूको 'केक' अझ ठूलो भएको छ, सहयोगको सूची लम्बिएको छ र साझा लाभको अवधारणा गहिरिएको छ । सिआइआइई विश्वलाई चिनियाँ अर्थतन्त्रमा पहुँचको प्रवेशद्वार मात्र नबनेर, चीनलाई विश्वसँग जोड्ने एउटा महत्वपूर्ण पुल पनि बनेको छ । दक्षिण एशियाली प्रदर्शक, विद्वान र मिडिया पेशाकर्मीहरूको हेराइमा सिआइआइईले 'विश्वसँग पारस्परिक लाभ' को के-कस्ता प्रेरणादायी कथा सिर्जना गरेको रहेछ अनि यसले चीन र दक्षिण एशियाली देशहरू बीचको सहकार्यमा कुन खाले पुल निर्माण गरेको होला ? आउनोस्, एकछिन नियालौं-





नेपाली अर्थशास्त्री

विकास र क्षेत्रीय बजार एकीकरण प्रवर्द्धनमा सिआइआइई

'अनुदानबाट मात्र विकासशील देशहरूलाई आर्थिक वृद्धि हासिल गर्नमा सक्षम बनाउन गाह्रो छ । सिआइआइईले निर्यातमार्फत विकास प्रवर्द्धन गर्न अविकसित देशहरूलाई नयाँ मार्गप्रशस्त गर्दछ'- नेपाली मौद्रिक अर्थशास्त्री डा. प्रकाशकुमार श्रेष्ठले भनेका छन् ।

राष्ट्रिय योजना आयोगका सदस्य, राष्ट्र बैंकका पूर्व कार्यकारी निर्देशक र अर्थ मन्त्रालयको सल्लाहकार रहिसकेका श्रेष्ठले आयात केन्द्रित प्रदर्शनीमार्फत चीनले आफ्नो विशाल घरेलु बजारलाई विश्वसामु खोल्ने महत्वपूर्ण प्रयास प्रतिबिम्बित गर्ने र साझा समृद्धि प्रवर्द्धन गर्ने दृढ विश्वास व्यक्त गरे । उनका अनुसार नेपालजस्ता देशहरूका लागि, सिआइआइई वस्तु प्रदर्शनी र बिक्री प्लेटफर्म मात्र नभएर निर्यात विविधीकरण गर्ने रणनीतिक अवसर पनि हो ।

'उच्च-प्रविधियुक्त उत्पादनहरू सीधै निर्यात गर्न गाह्रो भए पनि, देशहरूले उच्च मूल्य अभिवृद्धि हुने कृषि उत्पादनहरू, हल्का उद्योगमा उत्पादित वस्तुहरू र सेवाको व्यापार, विशेष गरी पर्यटनमा ध्यान केन्द्रित गर्न सक्छन्', श्रेष्ठले सुझाव दिए । उनले नेपाली उद्यमीहरूलाई चिनियाँ लगानीकर्ताहरूसँग सम्पर्क गर्न र चिनियाँ बजारलाई लक्ष्यित संयुक्त उद्यमका निम्ति स्थापनाको अन्वेषण गर्न सिआइआइईको संवाद प्लेटफर्म सक्रिय रूपमा प्रयोगका निम्ति सिफारिस गरे ।

यसका साथै, श्रेष्ठले नेपालको २०२५ व्यापार नीति र अति कम विकसित दक्षिण एशियाली देशहरूबाट निर्यात हुने १००% उत्पादनमा चिनियाँ शून्य-भन्सार नीतिको संयोजनले समन्वयात्मक प्रभाव सिर्जना गर्ने कुरालाई प्रकाश पारे । यी उपायहरूले प्रभावकारी रूपमा व्यापार लागत घटाउने र नेपालको आर्थिक विकास र क्षेत्रीय बजार एकीकरणलाई प्रवर्द्धन गर्ने कुरामा उनको जोड रह्यो । नेपाल र चीनबीच व्यापार मेलामा सहकार्य दुवैतिर गहिरिँदै गएको उनको धारणा छ । एकातर्फ, नेपाली कम्पनीहरूले सिआइआइई र चीन-दक्षिण एशिया प्रदर्शनीजस्ता प्लेटफर्महरूमार्फत चिनियाँ बजारमा पहुँच विस्तार गरिरहेका छन् भने अर्कोतर्फ, चिनियाँ प्रदर्शनी टोलीहरूले नेपाल अन्तर्राष्ट्रिय व्यापार मेलामा लगातार आठ पटक भाग लिइसके, जसले द्विपक्षीय आर्थिक तथा व्यापारिक सहयोगमा नयाँ आयाम थपेको छ । 'चीनले निरन्तर खुलापन विस्तार गर्दै उपभोग क्षमता निरन्तर बढाउँदै जाँदा, नेपाल-चीन आर्थिक तथा व्यापारिक सहयोगले भविष्यमा अझ बृहत्तर विकास गर्नेछ', श्रेष्ठले भने ।

श्रीलङ्काली प्रदर्शक

अझ धेरै 'अद्भूत उत्पादन र कथाहरू' आउँदै

आठौँ सिआइआइईमा लगातार आठ वर्षदेखि भाग लिइरहेका श्रीलङ्कन उद्यमी चिरञ्जयले उत्साहपूर्वक सिलोनको कालो चिया, मसला र गृहनगरका विभिन्न उत्पादनसहित आगन्तुकहरूलाई स्वागत गरे । 'मैले पहिलो सिआइआइईदेखि नै भाग लिँदै आएको छु', उनले स्मरण गरे- 'यसको विशाल स्केल र व्यावसायिक संगठन मैले अपेक्षा गरेभन्दा धेरै नै उत्तम थियो ।' उत्पादनहरू चाँडै बिक्री भए र अर्डरहरू आइरहे, उनले बाचा गर्दै भने, 'यसको लागि म हरेक वर्ष फर्केर आउने छु ।'

अब, सिआइआइईकै प्लेटफर्ममार्फत, चिरञ्जयले व्यापार र पाककलाका अनुभवहरूसहित आफ्नो वाचा पूरा गर्नेछन् । 'हामीले बिक्री गर्ने हरेक उत्पादन लेनदेनमात्र नभएर श्रीलङ्का र चीनबीच गहिरो मित्रताको निरन्तरता पनि हो ।' उनले बेइजिङमा श्रीलङ्काली विशेष रेष्टुरेण्ट पनि खोलेका छन्, जसले अर्को 'स्वादको पुल' सिर्जना गरेको छ । चिरञ्जयको विश्वास छ कि सिआइआइई वस्तु व्यापार मेला मात्र नभएर खुलापन र साझा अवसरहरूप्रति चिनियाँ प्रतिबद्धताको प्रदर्शन हो । 'आयात विषयवस्तुमा केन्द्रित प्रदर्शनीले चीनको आत्मविश्वास र दूरदर्शितालाई प्रतिबिम्बित गर्दछ', उनले भने ।

'उत्तम उपस्थिति सहभागी'को रूपमा चिरञ्जयले टिप्पणी गरे । 'बीस वर्षभन्दा बढी समयदेखिका मेरा अनुभवहरू विकाससँग नजिकबाट गाँसिएका छन् । उनी सिआइआइईको निरन्तरतालाई 'खुलापन र एकताको भावना'का रूपमा हेर्दछन्, जबकि परिवर्तनहरू 'स्केल र परिष्करणको निरन्तर वृद्धि'मा निहित छन्, जसको मूल सधैँ मानिस, सम्बन्ध र अवसरहरूसँग सम्बन्धित हुने गर्दछ । चिरञ्जयले धेरै विकासशील देशहरू र साना उद्यमहरूले विश्वव्यापी बजारमा पुग्न सिआइआइईलाई प्रयोग गर्न सक्ने, जसले गर्दा विश्वव्यापी रूपमा थप 'अद्भूत उत्पादन र कथाहरू' प्रस्तुत गर्न मिल्ने आशा व्यक्त गरेका छन् । उनी विश्व व्यापार समुदायलाई सुझाव दिन्छन्- 'उत्पादनहरू मात्र होइन, दूरदृष्टि लिएर आउनुहोस् ।' यहाँ, इमान्दार सञ्चारले व्यापारलाई मित्रताको पुलमा उकास्न सक्छ, जसले हृदय र राष्ट्रहरूलाई पक्कै जोड्नेछ ।'

बङ्गलादेशी प्रदर्शक

जुट बुनाइले बृहत्तर जीवन प्रदान गर्ने विश्वास

'सिआइआइईमार्फत हाम्रा सपनाहरू साकार भएका छन्', लगातार आठ वर्षदेखि सहभागी बङ्गलादेशको दादा बङ्गला लिमिटेडका संस्थापक साफा र उनकी श्रीमती ताहेराले भने । सिआइआइईले बङ्गलादेशका ३,००० भन्दा बढी ग्रामीण महिलाका लागि दिगो जीविकोपार्जनको अवसर सिर्जना गरेको छ । २०१७ मा, साफा मिडिया र सञ्चारतर्फ विद्यावारिधिको डिग्री हासिल गर्न साङ्घाई जियाओतोङ विश्वविद्यालयमा भर्ना भए तर २०१६ को शुरुमै उनले वैदेशिक व्यापारमा हात हाल्न दादा बङ्गला लिमिटेड स्थापना गरिसकेका थिए, जसमा पहिले थोरै सफलता मिल्यो । २०१८ मा पहिलो सिआइआइई घोषणा हुँदा साफाले बङ्गलादेशी जुट हस्तकलालाई सामेल गर्ने अवसर पाए । साफाले देशभरबाट जुटको कच्चा पदार्थ प्राप्त गर्न र ग्रामीण कालीगढहरूसँग सम्पर्क गर्न दुई महिनाका लागि बङ्गलादेशको विशेष यात्रा गरे । परिणामस्वरुप छोटो समयमै, १००% प्राकृतिक जुट प्रयोग गरेर पूर्ण रूपमा गरिब क्षेत्रहरूका ग्रामीण महिलाहरूले नै बनाएका बङ्गलादेशी सांस्कृतिक विशेषताहरू झल्किने हस्तकलाका सामानहरू बुनेर चीन पठाउन सकियो ।

पहिलो सिआइआइईमा, दादा बङ्गला लिमिटेडले सानो बुथमा १७० भन्दा बढी प्रकारका जुटका हस्तकला प्रदर्शन गरेको थियो, जसप्रति धेरै आगन्तुक आकर्षित भए । साफा स्मरण गर्छन्, 'धेरै पेशाकर्मीले सहृदयपूर्वक सल्लाह दिए, हामीले ग्राहकहरू पनि फेला पार्यौं र पहिलो सीमापार अर्डरहरू पायौं ।'

त्यसबेलादेखि, दादा बङ्गला लिमिटेडले हरेक वर्षजसो पूर्ण रूपमा नयाँ उत्पादन डिजाइन प्रस्तुत गर्दै सिआइआइईमा भाग लिँदै आएको छ । आज, कम्पनीले चीन हुँदै अमेरिका, युरोप, जापान र अरब देशहरूतिर आफ्नो व्यवसाय विस्तार गरेको छ, जहाँ चिनियाँ ई-कमर्स प्लेटफर्महरूमार्फत उत्पादनहरू विश्वभर बिक्री हुँदैछन् । 'विविध हस्तनिर्मित उत्पादन निर्यात गर्नाले मेरो गृहनगरको आर्थिक जीवनमा सुधार आएको छ, सिआइआइईबिना यी कुरा सम्भव हुने थिएन', ताहेराले भनिन् ।

भारतीय मिडिया थिङ्क ट्याङ्क

'सिआइआइईको अवसर'मा भारत-चीन सिधा उडान

'सीधा उडानले व्यापारिक आदानप्रदानलाई मात्र सहजीकरण नगरेर जनता-जनताबीचको आदानप्रदान र सीमापार पर्यटनलाई पनि प्रवर्द्धन गर्दछ', भारतीय पत्रकार संघका अध्यक्ष सि.के. नायकले भने । अक्टोबर २६ तारिखका दिन कोलकाताबाट १७६ यात्रु बोकेको इन्डिगो एयरलाइन्सको भरिभराउ जहाज ग्वाङ्झाउ आइपुग्यो, जसले भारत-चीन सिधा उडान पुनः शुरु भएको सङ्केत गऱ्यो । यात्रुहरूले यसको उच्च प्रशंसा गरे ।

नायकले उडान पुनः शुरु हुँदा भारतबाट उत्साहजनक घरेलु प्रतिक्रिया आएको महसुस गरे, व्यावसायिक प्रतिनिधिहरूले सकारात्मक टिप्पणी गर्दै भने, 'यो भारत र चीन दुवैको स्वागतयोग्य निर्णय हो । सिधा उडानले व्यापार र पर्यटनमा वृद्धि गर्ने छ, क्षेत्रीय एकता मजबुत बनाउने छ र सबैका लागि वास्तवमै सकारात्मक परिणाम ल्याउने छ ।'

सिआइआइईसँग मेल खाने गरी प्रत्यक्ष उडान पुनः शुरु हुनुले उल्लेख्य समन्वयात्मक प्रभाव सिर्जना गरेको छ । अप्रिलदेखि सेप्टेम्बर २०२५ सम्म, चीनमा भारतको निर्यात वार्षिक लगभग २२% ले बढेको छ । यस वर्षको सिआइआइई इतिहासकै सबैभन्दा ठूलो हो, जसमा १५५ देश, क्षेत्र र अन्तर्राष्ट्रिय संस्थाहरूको सहभागिता थियो, कूल ४,३०,००० वर्ग मिटरभन्दा बढी प्रदर्शनी क्षेत्रसहित रेकर्ड कायम गरिएको थियो । नायकले सिआइआइईले खुलापनप्रति चीनको प्रतिबद्धतालाई निरन्तरता दिएको, नयाँ अन्तर्राष्ट्रिय सहभागीहरूलाई आकर्षित गर्दै पुराना व्यवसायीहरूलाई निरन्तर जोडिराखेको उल्लेख गरे । 'यसबाट भारत र अन्य देशका उत्पादनहरूलाई चिनियाँ बजारमा प्रवेश गर्न एक सुविधाजनक माध्यम बन्ने अपेक्षा गरिएको छ ।'

'सिधा उडान सुचारु गर्नुलाई द्विपक्षीय सम्बन्ध सुधार गर्ने 'पहिलो कदम'का रूपमा हेरिएको छ,' भारतीय व्यापारी अतर अलीले स्वीकार गरे । सिधा उडान यातायातको सबैभन्दा छिटो माध्यम मात्र नभएर यसले भारत-चीन सम्बन्धको भविष्यका लागि शक्तिशाली उत्प्रेरकका रूपमा पनि काम गर्ने नायकको विश्वास छ ।

अफगानी प्रदर्शक

चिनियाँ बजारले पक्कै आश्चर्यचकित तुल्याउनेछ

'यो यस वर्ष हस्तनिर्मित ऊनी गलैंचाहरूको नयाँ लाइन हो, जसमा काबुलको पुरानो शहरबाट प्रेरित प्याटर्नहरू बुनिएका छन् । तिनीहरू गत वर्षका डिजाइनहरूभन्दा चिनियाँ ग्राहकहरूमाझ बढी लोकप्रिय छन्', अफगान व्यापारी अली फैजले आठौँ सिआइआइईमा यसो भन्दै उत्साहपूर्वक आफ्नो गृहनगरबाट ल्याइएका ऊनी गलैंचाहरू प्रदर्शन गरे । ३१ वर्षको उमेरका अलीले लगातार छ वर्षदेखि यो मेलामा भाग लिइरहेका छन् । शुरुमा उनले लगभग २० वटा गलैंचामात्र ल्याउन सक्थे तर अहिले हस्तनिर्मित ऊनी गलैंचा, लापिस लाजुली शिल्पकला र अन्य धेरै सामान समेटेर धेरैवटा प्रदर्शनी बुथ सञ्चालन गरेका छन् । अली २०१४ मा सिभिल इञ्जिनियरिङ पढ्न बेइजिङको विज्ञान तथा प्रविधि विश्वविद्यालयमा आएका थिए । पढाइ पूरा गरेपछि, अन्तर्राष्ट्रिय व्यापारमा प्रवेश गरे । २०२० मा पहिलो पटक सिआइआइईमा भाग लिएर 'पानीको परीक्षण' गरे । उनले ल्याएका सबै अफगानी हस्तनिर्मित ऊनी गलैंचाहरू बिक्री भए, त्यसपश्चात् २,००० भन्दा बढी अर्डर प्राप्त भए । 'परम्परागत अफगानी गलैंचाहरू पूर्णतया हस्तनिर्मित हुन्छन्, यसको इतिहास हजारौँ वर्ष पुरानो छ', उनले गर्वका साथ भने । यी अर्डरहरूले अफगानिस्तानका २,००० भन्दा बढी परिवारलाई फाइदा पुऱ्याउँछन् । उनीहरूका लागि यो आयको महत्वपूर्ण स्रोत बनेको छ ।

व्यावसायिक विस्तारसँगै, अलीले साङ्घाईमा आफ्नो आधार स्थापित गरेका छन् । ई-कमर्स लाइभ स्ट्रिमिङको सहयोगमा, उनले केही सेकेण्डमै लगभग १०,००० जार पाइन नट्स (सल्लाको बियाँ) बेचे । यसको मासिक बिक्री तीन टनसम्म पुग्यो । अली चिनियाँ बजारअनुसार समायोजनमा जोड दिन्छन्, अफगानिस्तानमा आफ्नो टोलीसँग नजिकबाट सहकार्य गर्दै चिनियाँ उपभोक्ताको प्राथमिकताअनुसार उत्पादनहरू समायोजन गर्दछन्, उदाहरणका लागि, लुङ वर्षका लागि ड्र्यागन प्याटर्न डिजाइन । 'सिआइआइई पारस्परिक लाभ र सबैका लागि सकारात्मक परिणाम प्राप्त गर्ने एक प्लेटफर्म हो !' अलीले भने, 'यसमार्फत चिनियाँ उपभोक्ताहरूले अफगानिस्तानलाई चिन्न र प्रशंसा गर्न थालेका छन् र चिनियाँ बजारले मलाई एकपछि अर्को आश्चर्य दिलाएको छ ।' गलैंचादेखि सल्लाको बियाँसम्म, अली चीन र अफगानिस्तानलाई व्यापारमा जोड्ने माध्यम बनेका छन् । उनले सिआइआइईले विश्वका गुणस्तरीय सामानहरू चीनमा ल्याएको र चीनका अवसरहरूबाट विश्वलाई फाइदा पुऱ्याउन सक्षम बनाएको देखेका छन् ।

(युन्नान डेली, सिन्ह्वा समाचार एजेन्सी, पिपुल्स डेली, ल्यानकाङ-मेकोङ अन्तर्राष्ट्रिय सञ्चार बीच्याट आधिकारिक खाता)

थप पठन

चीन अन्तर्राष्ट्रिय आयात एक्स्पो ('सिआइआइई') आयातमा केन्द्रित विश्वको पहिलो राष्ट्रिय स्तरको एक्स्पो हो । २०१८ देखि २०२५ सम्म, यो एक्स्पो आठ वर्षदेखि लगातार साङ्घाईमा आयोजना हुँदै आएको छ ।

आठौँ सिआइआइईमा १५५ देश, क्षेत्र र अन्तर्राष्ट्रिय संस्थाहरूका ४,१०८ विदेशी उद्यमीहरू सहभागी थिए, कूल प्रदर्शनी क्षेत्र ४३०,००० वर्ग मिटरभन्दा बढी थियो । यस वर्षको सिआइआइईले सक्रिय कारोबारहरू हासिल गऱ्यो, वार्षिक लक्षित कारोबारको मात्रा ८३.४९ अर्ब अमेरिकी डलर थियो, जुन अघिल्लो सत्रको तुलनामा ४.४% ले वृद्धि हो । लगातार १६ वर्षदेखि विश्वको दोस्रो ठूलो आयात बजारका रूपमा यो विश्वव्यापी सार्वजनिक हित र विश्वव्यापी अर्थतन्त्रका लागि सुनिश्चितताको ठूलो स्रोत प्रवर्द्धन गर्ने प्लेटफर्म बनेको छ ।

(चिनियाँ वाणिज्य मन्त्रालयको सूचना कार्यालय, सिन्ह्वा समाचार एजेन्सी, पिपुल्स डेली)